नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र १८ गते २०२५ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०२५-११-२०-२ को निर्णय अनुसार महालेखा परिक्षकले हेर्नु पर्ने विकास तर्फको शुरूदेखिकै र साधारण तर्फ सरकारी रूपैयाँ खर्च सम्बन्धी (कार्यविधि) नियमहरू, २०१६ अनुसार क्षेत्र तोकी लेखापरीक्षण कार्य संचालन गरेको आर्थिक वर्ष ०२४।२५ सम्मको बांकी हिसाब हेर्न देहायका अध्यक्ष र सदस्यहरू तथा सदस्य सचिव भएको "लेखापरीक्षण आयोग" गठन गरेको छ ।

१. श्री महालेखा परीक्षक,
   महालेखा परीक्षकको विभाग – – – – अध्यक्ष
२. श्री सचिव, अर्थ मन्त्रालय – – – – सदस्य
३. श्री सचिव,
   निर्माण सञ्चार तथा यातायात मन्त्रालय – – सदस्य
४. श्री सचिव,
   रक्षा मन्त्रालय – – – – सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।